# बगनासकाली गाउँपालिकाको आ.ब. ०७५/०७६ को प्रथम सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत

# संक्षिप्त प्रतिवेदन

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ (५) बमोजिम बगनासकाली गाउँपालिकाद्वारा प्रदान गरिने सेवा सुविधा सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही सर्वसाधारण विचमा दोहोरो संम्वाद र प्रश्नोत्तर गरी एक आपसमा प्रष्ट हुने र स्थानीय सरकारको कार्यसम्पादनलाई आगामी दिनहरुमा अझ पारदर्शि, उत्तरदायी र जवाफदेहि बनाउन जनताको कामलाई सरल र सहज ढङ्गबाट सम्पादन गर्ने यो सार्वजनिक सुनुवाईको मुल उद्धेश्य रहेको छ । हाम्रो गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा कार्यसम्पादन गर्दै आएको छ । सिमित साधनबाट, जनताको असिमित आवश्यकता पुरा गर्न प्राय असम्भव छ तथापी जनताको आर्थिक, सामाजिक, सास्कृतिक, साथै महशुस हुने गरि भौगोलिक विकास गरि दिगो विकासको चाहनालाई पुरा गर्न हाम्रो ध्यान केन्द्रित छ । प्राप्त स्रोत र साधनको समुचित व्यवस्थापन र विकासको हरेक चरणमा सर्वसाधारण जनताको चासो बढि रहेको छ । गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रति जति बढि जनताको चासो र निगरानी हुन्छ उति बढि पारदर्शिता, जवाफदेहिता र साथै सुशासन प्रबर्धनमा उति टेवा पुग्दछ । बगनासकाली गाउँपालिका बासी आम नागरिक प्रति हाम्रो उत्तिकै सम्मान र दायित्व छ । नागरिकको अधिकार स्थापित गरी विकासको फल न्यायोचित ढङ्गले वितरण गर्ने तर्फ पनि हामी उत्तिकै सचेत छौं । यस आर्थिक वर्ष २०७५/०७६ का लागि गाउँसभाबाट पारित भएका बार्षिक नीति कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्ने क्रममा गाउँपालिका हामी निर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरु लगनशिलताका साथ खटिएका छौं ।

सार्वजनिक सेवा प्रवाहलाई सेवा ग्राही जनतावाट प्राप्त सुझाब साथै पृष्ठपोषणवाट गुनासो व्यवस्थापन गर्दै भावी दिनहरुमा कार्यसम्पादनलाई चुस्त दुरुस्त सुदृढ बनाउने सार्वजनिक प्रतिबध्दता घोषणा गर्ने यो हाम्रो प्रयास पनि हो । यो सार्वजनिक सुनुवाईबाट गाउँपालिका भित्रका समस्याहरु पहिचान भई समस्या समाधान गर्ने विकल्पहरु पहिल्याई सम्बोधन गर्ने जमर्को गरिने छ । गाउँपालिकाको सेवा प्रदायक शाखा र सेवा ग्राही जनता विच सुमधुर सम्बन्ध स्थापित हुनेछ ।

सुशासन ऐन २०६४ को दफा ३० र सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को आधारमा यो कार्यक्रमको तय गरिएको छ । यो कार्यक्रमलाई गाउँ कार्यपालिकाको मात्र नभई सबैको साझा सरोकारको कार्यक्रम भएकोले यसलाई सभ्य, अनुशासित, सालिन, उपलब्धि मुलक एवम अर्थपुर्ण बनाउन आचारसिंहता पालन गर्नुका साथै सबैको रचनात्मक सुझाबको अपेक्षा गरिएको छ ।

**भौतिक पुर्वाधार निर्माण तर्फ**

- हालसम्म सम्झौता योजना - ८१ वटा
- गा.पा. पूर्वाधार विकास तर्फ - २
- गा.पा. सामाजिक विकास तर्फ - ३
- केन्द्रिय योजना - १
- वडा स्तरीय - ७५ वटा

**सम्पन्न योजना संख्या - १० (सामाजिक विकास तर्फ - ४ धार्मिक विकास तर्फ - २ पूर्वाधार विकास तर्फ - ३)**

- गा.पा. स्तरीय - १
- वडा स्तरीय - ९

**कृषि विकास शाखा तर्फ** -

हालसम्म प्रगति - ८८.०३% सम्पन्न ( ३९ वटा कार्यक्रम )

**पशु सेवा शाखा तर्फ** -

कार्यक्रम प्रगति ४२%

**शिक्षा शाखा तर्फ** -

कार्यक्रम प्रगति -

**सशर्त तर्फ - ४०%**

**निशर्त (गा.पा.) २३%**

**स्वास्थ्य शाखा तर्फ** -

कार्यक्रम प्रगति -

सशर्त तर्फ - १६ %

निशर्त तर्फ - २७ %

**आर्थिक प्रशासन तर्फ** -

आ.वा.२०७५/०७६ को अनुमानित बजेट ४३,४४,२८,०००।०० रहेकोमा हाल सम्म प्राप्त रकम रु.११,९५,३८,७९०।९२ मध्ये हालसम्म खर्च रु ११,१४,४३,१८५।३०

वित्तिय प्रगति - ९३.२३ प्रतिशत

**आन्तरिक आम्दानी :रू** १९,८८,६८२।८७

- ठेक्का रकम असुली: रु ४,९२,५००।००
- धरौटी तथा अन्य आय जम्मा : रु ४,५१,३२०।००
- गा·पा· तथा वडाको आन्तरीक अम्दानी : रु १०,४४,८६२।८७

**वितिय समानीकरण/ राजस्व बाँड फाँड तर्फ** प्राप्त : रु ११,७५,५०,१०८।०५

- वित्तिय समानिकरण अनुदान : ७,८८,९६,२००।००
- राजस्व बाँड फाँड अनुदान : १,५१,९४,५०८।०५
- सामाजिक सुरक्षा अनुदान : १,६६,१८,४००।००
- प्रदेश सरकारबाट प्राप्त अनुदान : ६८,४१,०००।००

**यस वर्षको खर्च तर्फ** : रु. ११,१४,४३,१८५।३०

**गा.पा. तर्फको खर्च रकम :** रु ५,६४,५७,५०७।९२

- गाउँपालिकाको चालु खर्च रु १,३१,०४,२५३।२०
- गाउँपालिकाको पुजिगत खर्च रु २,६७,३४,८५४।७२
- सामाजिक सुरक्षा कार्यक्रम खर्च: रु १,६६,१८,४००।००

**विषयगत तर्फको खर्च :** रु ५,४९,८५,६७७।३५

- शिक्षा तर्फको चालु /पुजिगत खर्च :३,८५,९२,७५५।५८
- स्वास्थ्य तर्फको चालु /पुजिगत खर्च :९९,९८,८९१।२०
- कृषि विकास तर्फको चालु /पुजिगत खर्च :३९,७६,६४२।६०

- पशु सेवा तर्फको चालु /पुजिगत खर्च :७,८२,१८९।८०
- आयुर्वेद तर्फ चालु /पुजिगत खर्च : १३,०३,८७६।३१
- महिला विकास कार्यक्रम तर्फ चालु /पुजिगत खर्च : ३,३१,३२१।८६

**विगतको बेरूजु स्थिति :**

| गत आ.ब.०७३/०७४ सम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | आ.ब.०७३/०७४ वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | आ.ब.०७४/०७५ वर्षको कायम बेरुजु रु. (E) | कुल बाँकी रु. (F= C+D+E) |
|---|---|---|---|
| १३,२४,२९१ | १३,२३,५७५ | ६८,८६,६१० | ९५,३४,४७६ |

**आ.ब. ०७४/०७५ को मलेपबाट औंयाइएको रू. ६८,८६,६१०। बेरूजु सम्परिक्षणको लागि पेश भएको हुदां अन्तिम बेरूजु कायम भईनसकेको।**

## यस आ.ब.मा भएका महत्वपूर्ण उपलब्धीहरू :-

१. बगनासकाली कृषि विकास कार्यक्रम-"के पाईन्छ होईन के चाहिन्छ"को आधारमा सञ्चालन गरिएको
२. युवा-स्वरोगार कार्यक्रम (शैक्षिक प्रमाणपत्र धितो) संचालन गरिएको
३ .कृषिमा मागमा आधारित प्रस्तावित कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गरिएको
४. तरकारी बालीमा ढुवानी अनुदान कार्यक्रम सञ्चालन गरिएको
५. सानाफार्म मेसिनरी (मिनि टिलर, प्लान्टर, क्याजुयल) अनुदानमा उपलब्ध गराईएको
६. विभिन्न २० वटा पकेट क्षेत्र निमार्ण (सुर्यमुखी, च्याउ, कुरिलो, तोरी फलफुल, एभोकाडो, मौरी, स्थायीजाली घर)
७. गाउँपालिका स्तरिय बालमैत्री स्थानीय शासन अबलम्बन लागि अभिमुखिकरण तालिम सम्पन्न गरिएको
८. बालमैत्री गाउँपालिका बनाउने अभियानमा बार्षिक कार्ययोजना बनाई कार्यक्रम सञ्चालनमा तिब्रता दिइएको
९. बगनासकाली गाउँपालिकालाई बालमैत्री गाउँपालिका मिति २०७६ मंसिर मसान्तसम्म घोषणा गर्ने प्रतिबद्धता गरिएको
१०. बालबालिकाको स्थिती प्रतिवेदन प्रकाशन गरिएको
११. गाउँपालिका स्तरीय बालसञ्जाल गठन गरिएको
१२. बगनासकाली गाउँपालिकाको गतिविधि समेटिएको बगनासकाली आवाज प्रकाशनलाई निरन्तरता दिइएको
१३. गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम अनुगमन समिति गठन गरिएको
१४. ९वटै वडाका मेलमिलापकर्ताहरुका लागि आधारभूत तालिम सम्पन्न गरिएको
१५. नयाँ घर बनाउँदा नक्सा पास गरी बनाउनु पर्ने काम सुभारम्भ गरिएको, पुराना पिलर सहितको घरको पनि नक्सा पास गरी अभिलेखिकरण गर्ने कार्य सुभारम्भ गरिएको
१६. जेष्ठ नागरिक परिचय पत्र वितरण सु-भारम्भ गरि हालसम्म ५६ वटा वितरण गरिएको
१७. गाउँपालिका कार्यालयमा विद्युतिय हाजिर (E–Attendance) सञ्चालन गरिएको
१८. १० वटा सामुदायिक मा.वि. विद्यालयमा विद्युतिय हाजिर (E–Attendance) सञ्चालन गरिएको
१९. पूर्ण भर्ना सुनिश्चित गा.पा.मिति २०७५/०५/२३ गते घोषणा गरियो।
२०. ९ वटै वडाहरुमा फाइबर इन्टरनेट जडान गरिएको
२१. ठूला योजनाहरु टेन्डर प्रक्रियाद्धारा प्रतिस्पर्धाका आधारमा ठेक्कामा दिई कम लागतमा काम गरिएको
२२ आ.ब.०७५/०७६ पूर्वाधार निर्माणका लागि भाद्र भित्र नै उपभोक्ताहरुको तालिम सम्पन्न गरिएको
२३. विद्युतपोल टेन्डर प्रक्रियाद्धारा खरिद कार्य सम्पन्न गरिएको
२४. सम्पूर्ण स्वास्थ्य चौकीलाई आवश्यक औषधि टेन्डर प्रक्रियाद्धारा खरिद कार्य सम्पन्न गरिएको
२५. चापपानी र नायर स्वास्थ्यचौकीमा ल्याब सेवा सञ्चालन गरिएको

२६. वडा नं. १ पोखराथोकलाई मिति २०७५/०८/०६ गते शुन्य होमडेलिभरी वडा घोषणा गरिएको

२७. सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य परिक्षणका लागि सुत्केरी भएको ३ दिन र ७ दिनमा नर्सिङ स्टाफवाट घरमै गई सेवा शुरु गरिएको

२८. गाउँपालिका भित्रको माहामारी रोगको नियन्त्रणको लागि रेपिड रेस्पोन्स टिम गठन गरी तुरुतै औषधि सहितको टोली खटिने व्यवस्था गरिएको ।

२९. सुगर, प्रेसर र छारे रोगका बिरामीलाई सुगरका लागि मेटर्फमिज, प्रेसरका लागि एमलोडिपिन, छारेरोगका लागि फिनोबार्विटोन औषधि निशुल्क वितरण गर्ने व्यवस्था गरिएको ।

३०. महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्क्रेनिङ्ग स्वास्थ्य शिबिर खानिगाउँको दैलातुङ्ग, चिर्तुङ्गधाराको घोरबन्दामा सञ्चालन गरिएको ।

३१. सबै स्वास्थ्य संस्थाहरु दम तथा निमोनियका रोगीहरुका लागि निशुल्क रुपमा नेबुलाईजर सेवा तथा सुगरका रोगीहरुको स्क्रेनिङ्ग लागि गुल्कोमिटरवाट रगत परिक्षणको गरिएको

३२. ९ वटै वडामा विपत व्यवस्थापन समिति गठन गरिएको

३३. अनलाइन घटना दर्ता तथा अनलाइन बिलिङ्गका लागि अभिमुखिकरण तालिम सम्पन्न गरि सञ्चालनको लागि सम्पूर्ण तयारी पुरा गरिएको

३४. यस आ.ब. मा न्यायिक समितिमा १२ वटा विबादसम्बन्धी निवेदन दर्ता भएको सो मध्ये १० वटा न्यायिक समितिले फस्यौट गरेको १ वटा प्रक्रियामा रहेको १ वडा कार्यालयवाट मिलापत्र भएको

३५. लिफ्टीङ्ग खा.पा. आयोजनालाई २५% विद्युत महसुल अनुदान दिने शुरुवात गरिएको ।

३६. फुस रहित घर अभियानलाई निरन्तरता दिदै जस्ता पाता खरिद प्रक्रिया यस आ.ब.मा रु.२५,००,०००।- खरिदको तयारी गरिएको

३७. गाउँपालिका कार्यालयको लागि जग्गा एकिन गर्न जिल्ला स्तरीय जग्गा व्यवस्थापन समितिलाई चिर्तुङ्गधारामा चिलाङ्गदी- भञ्ज्याङ्गमा २५ रोपनी जग्गा उपलब्ध गराउन पहल गरिएको ।

**चुनौती तथा समस्याहरू:-**

१.अपेक्षाकृत आन्तरिक कर उठाउन नसकिएको

२.यस गाउँपालिकामा बादर आतंकले पिरोलिएको अवस्थामा बादर व्यवस्थापनमा बजेट विनियोजन भएकोमा हालसम्म समाधानको उचित विकल्प पहिचान हुन नसकेको

३. गाउँसभा सम्पन्न भई सकेपछि पनि बिच बिचमा योजना तथा कार्यक्रम माग भई आउने गरेको बजेट अभावका कारण सम्बोधन गर्न नसकिएको

अन्त्यमा, यस गाउँपालिकाबाट सेवा ग्राही जनतालाई उपलब्ध गराईएको सेवा सुबिधा, योजना तथा कार्यान्वयनका सम्बन्धमा कुनै गुनासो, जिज्ञासा, सुझाब भए हामी जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत, सेवाप्रवाह गर्ने शाखा प्रमुखसंग आफ्नो विचार, भावना, प्रश्नहरु राखी दिनुहुन सरोकारवाला उपस्थिती माहानुभावहरुलाई हार्दिक अनुरोध गर्दछु । आफ्नो अमुल्य एवंम रचनात्मक सुझाब दिई आगामी दिनमा गाउँपालिकाको कार्यसम्पादनलाई पारदर्शी, उत्तरादायी, जवाफदेही बनाउदै समृद्ध बगनासकाली बनाउने अभियानमा यहाँहरुको योगदानको अपेक्षा समेत गर्दछु ।

मिति : २०७५/०९/२२

**कृष्ण प्रसाद बस्याल**
**अध्यक्ष**
**बगनासकाली गाउँपालिका**
**चिर्तुङ्गधारा, पाल्पा**